१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १२४ ॥ २०८२ जेठ ३० गते शुक्रबार (13th June 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# ५४ वर्षपछि झापामा पुन: चर्कियो किसान आन्दोलन

झापा(प्रस) । किसान आन्दोलनको रुपमा शुरुवात भएको नेपाली राजनीतिमा चर्चित २०२८ सालको झापा विद्रोहकै जश लिएर प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ताभोग गरेको दशकौं भइसक्यो । सर्वहाराको नाममा सिंहदरबार पुगेका उनीलगायतका नेताहरुले तिनै किसानलाई उपेक्षा गरेपछि झापामा ५४ वर्षपछि फेरि किसान आन्दोलन व्युँतिएको छ । प्रधानमन्त्री ओलीकै निर्वाचन क्षेत्र झापा ५ बाट किसानहरु आन्दोलित भएका हुन् ।

करिव एक महिनाअघि चक्काजामबाट आन्दोलन शुरु गरेका गौरादहका किसानहरुले बिहीवार राँके जुलुस प्रदर्शन गरेका छन् । किसान संघर्ष समिति झापाको आव्हानमा विभिन्न नाराबाजी गर्दै हात-हातमा राँको र पुल्ठो बालेर र्‍याली गौरादह नगरपालिकातर्फ जाँदा प्रहरीले राँको खोसेर निभाएको थियो । त्यसपछि र्‍याली गौरादह नगरपालिकाको गेटमा पुगी भित्र प्रवेश गर्न खोज्दा प्रहरीसंग घम्साघम्सी परेको थियो । त्यसक्रममा किसान संघर्ष .समितिका अध्यक्ष इन्द्रप्रसाद पोखरेलको सेतो कमिज च्यातिएको छ । आन्दोलनमा सहभागी किसानहरुले प्रहरीले अध्यक्षको




लुगा च्यातेकोमा घोर आपत्ति जनाउँदै प्रहरी दमनको बिरोध गरेका छन् । उनीहरुले गौरादह नगरपालिकाभित्र प्रवेश गरी कार्यालयको गेट अगाडी धर्ना दिएर कोणसभा गरेका छन् । विभिन्न १५ बुँदे मागसहितको व्यानर गौरादहका नगर प्रमुख छत्रपति सुवेदी र उपप्रमुख जलवर्षा राजवंशीलाई हस्तान्तरण गरेका छन् । आफ्ना मागहरु चाँडोभन्दा चाँडो पुरा गर्नु पर्ने भन्दै उनीहरुले माग पूरा नभए अझ कडा संघर्षका कार्यक्रमहरु सार्वजनिक गर्ने चेतावनी दिएका छन् । चरणवद्ध आन्दोलनमा रहेका किसानहरुले पहिलो चरणमा दुई पटक चक्काजाम गरेका थिए ।

त्यसपछि राति आ-आफ्नो घर अगाडि राँको बाल्ने र व्लाक आउट गर्ने कार्यक्रम गरेका थिए । उनीहरुले उत्पादनमा अनुदान कार्यक्रमको क्षेत्र बिस्तार र बजेट व्यवस्थापन सुनिश्चतता हुनुपर्ने, सरकारले तोकेको खाद्यान्नको मूल्य पाउनुपर्ने , रासायनिक मल, खादको उचित व्यवस्था हुनुपर्ने ,. कृषि पशुपंछी, मत्स्य, मौरी खेती वालीको निःशुल्क बिमा गर्नुपर्ने , कृषि ऋणको वातावरण हुनुपर्ने , व्यवसायिक उद्यमी कृषकहरुलाई कृषियन्त्र उपकरण वितरण गर्नुपर्ने , कृषि सिंचाई महशुल पुरै छुट हुनुपर्ने , सबै वडामा कृषि बिज्ञ प्राविधिक नियुक्त गरिनुपर्ने , भाडामा चल्ने कम्पाईन हार्भेस्टरको दर रेटमा एकता हुनुपर्ने , अनुदानको नाममा किसानहरुबाट रकम उठाउने धन्दा बन्द गरिनु पर्ने , कृषि औजार खरिद गर्न भन्सार छुटको सिफारिसको व्यवस्था गरी खुल्ला बजारको व्यवस्था गरिनु पर्ने , कृषकहरुलाई नयाँ सीप विकासका लागि अध्ययन अवलोकन भ्रमणका लागि रु.५ लाख बजेटको विनियोजन गरिनु पर्ने ,. मालपोतको दर रेटमा पुनर्बिचार गरिनुपर्ने , कृषि उपयोग बजारको मूल्यबृद्धि रोकथाम गर्नुपर्ने र वडास्तरीय कृषक समूहमार्फत कृषकहरुको लागि बजेट र कार्यक्रमहरु ल्याइनु पर्ने माग राखेका छन् । संघर्ष समितिका अध्यक्ष पोखरेल र प्रबक्ता खेमराज अधिकारीको अगुवाईमा निकालिएको र्‍यालीमा गौरादह, कमल र गौरीगञ्जका करिव २ सय किसानहरुको सहभागिता रहेको थियो ।

# एअर इन्डिया विमान दुर्घटनामा २०४ जनाको शव भेटियो



झापा । लन्डन जाँदै गरेको एअर इन्डियाको विमान बिहीबार दिउँसो दुर्घटना हुँदा कम्तीमा २०४ जनाको मृत्यु भएको छ ।

विमानमा चालक दलका सदस्यसहित २४२ जना सवार थिए । विमान टेकअफ भएको केही मिनेटमै अहमदाबादस्थित मेडिकल कलेजको भवनमा ठोक्किएर दुर्घटनाग्रस्त भएको द हिन्दूले जनाएको छ ।

यो विमान अहमदाबाद विमानस्थलबाट उडेको केही मिनेटमै आवासीय क्षेत्रमा रहेको मेडिकल कलेजको भवनमा ठोक्किएको थियो ।

बिहीबार दिउँसो भारतको गुजरातको अहमदाबाद विमानस्थलनजिकै भएको एयर इन्डियाको जहाज दुर्घटनामा उछिट्टिएर आफू बाहिर आएको एकजनाले बताएका छन् । ४० वर्षीय बेलायती नागरिक विश्वासकुमार रमेशले हिन्दुस्तान टाइम्ससँगको कुराकानीमा आफू दुर्घटनामा परेर बाँचेको बताएका हुन् ।

हिन्दुस्तान टाइम्सका अनुसार विश्वास परिवार भेट्न केही दिनका लागि भारत आएका थिए । उनी दाजु अजयकुमार रमेशसँग बेलायत फर्कँदै थिए । उनले हिन्दुस्तान टाइम्ससँगको कुराकानीमा भनेका छन्, 'टेकअफ भएको ३० सेकन्डमै ठूलो आवाज आयो । अनि जहाज दुर्घटना भयो । एकैछिनमा सब तहसनहस भयो ।'

भारतीय मिडियाहरूका अनुसार विश्वासको उपचार अहमदाबाद सिभिल अस्पताल भइरहेको छ । सिट नम्बर ११ 'ए' मा बसेका उनको छाती, आँखा र खुट्टामा चोट लागेको छ । उनका दाजु अजय भने अर्कै लाइनमा बसेका थिए । दाजुको अवस्था कस्तो छ भन्ने अहिलेसम्म खुलेको छैन ।

भारतीय समयअनुसार दिउँसो १:३८ मा लन्डनका लागि उडेको एआई १७१ उडान नम्बरको बी ७८७ ड्रिमलाइनर जहाज टेकअफलगत्तै दुर्घटनामा परेको हो । दुर्घटनामा परेको जहाजमा २४२ यात्रु रहेको एयर इन्डियाले जनाएको छ । उक्त जहाज क्याप्टेन सुमीत सभरवाल र फर्स्ट अफिसर क्लाइभ कुन्दरले उडाइरहेका थिए । क्याप्टेन सभरवालसँग ८ हजार २ सय घण्टा र कोपाइलट कुन्दरसँग १ हजार १ सय घण्टाको अनुभव रहेको भारतको नागर विमानन महानिर्देशनालयलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

जहाजमा क्याबिन क्रुसहित २४२ जना सवार रहेको एयर इन्डियाले एक्समार्फत जानकारी दिएको छ । जसमध्ये २ जना पाइलट, १० जना क्याबिन क्रु सदस्य र २३० यात्रु रहेका थिए । जसमध्ये १६९ जना भारतीय यात्रु रहेका छन् । त्यस्तै बेलायतका ५३ जना, पोर्चुगलका ७ जना र क्यानडाका १ यात्रु रहेको एयर इन्डियाले जनाएको छ ।

# झापामा दुईजना मृत भेटिए



झापा(प्रस) । झापामा दुईजना मृत फेला परेका छन् । कमल र मेचीनगरमा एक-एक मृत भेटिएका हुन् । कमल गाउँपालिका वडा नं ७ पाथिभरा टोल बस्ने ४६ वर्षीय दिपक लकान्द्री मृत फेला परेका छन् । बिहीवार दिउँसो ४.२५ बजे स्थानीय छत्र दाहालको खाली खेतमा उनी मृत भेटिएका हुन् । खेतधनी दाहालले फेला पारी इलाका प्रहरी कार्यालय दमकमा जानकारी गराउनसाथ अस्थायी प्रहरी पोष्ट बाह्रघरेबाट टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इप्रका दमकबाट टोली गएको जनाइएको छ ।

त्यस्तै कचनकवल गाउँपालिका वडा न.- ६ बस्ने अन्दाजी ४५ वर्षीय मोहन खड्का मेचीनगरमा मृत भेटिएका छन् ।

बुधवार दिउँसो अन्दाजी २ बजे मेचीनगर नगरपालिका वडा नं. १२ सब्जीमन्डीमा उनी मृत फेला परेका हुन् । बेवारिसे अबस्थामा फेला परेका खड्काका बारेमा सोधपुछ गरिएपछि काकाका छोरा धनराज खड्काले घट्नास्थलमा आएर सनाखत गरेका छन् ।

इलाका प्रहरी कार्यालय काँकडभिट्टाको प्रहरी टोलीले आवश्यक कानुनी प्रकृया पुरा गरी पोस्टमार्टमको लागि शव प्रादेशिक अस्पताल भद्रपुर पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# गुजरातका पूर्वमुख्यमन्त्री विजय रुपाणीको निधन

झापा(प्रस) । एयर इन्डियाको जहाज दुर्घटनामा गुजरातका पूर्वमुख्यमन्त्री विजय रुपाणीको निधन भएको छ । बिहीबार अहमदाबादबाट लन्डनका लागि उडेको एयर इन्डियाको एआई-१७१ जहाज दुर्घटनामा पूर्वमुखमयन्त्री रुपाणीको निधन भएको हो । रुपाणीको निधन केन्द्रीय मन्त्री सीआर पाटिलले पुष्टि गरेका छन् ।



रुपाणी पत्नी र छोरीलाई भेट्न लन्डन जाँदै थिए । भारतीय जनता पार्टी( भाजपा) का वरिष्ठ नेता सुनील जाखडले रुपाणीको निधनमा शोक व्यक्त गर्दै भनेका छन्, 'रुपाणीजीले गुजरातका मुख्यमन्त्रीका रूपमा दिएको योगदान सधैं स्मरणीय हुनेछ । उहाँ विनम्र, संवेदनशील र डाउन टु अर्थ नेता हुनुहुन्थ्यो ।' गुजरातले एक महान नेता गुमाएको पनि उनको भनाइ छ ।

रुपाणी २०१६ देखि २०२१ सम्म गुजरातका मुख्यमन्त्री भएका थिए । त्यसअघि उनी गुजरात सरकारमा क्याबिनेट मन्त्री थिए । त्यस्तै उनली २००६ देखि २०१२ सम्म राज्यसभा सदस्यसमेत बनेका थिए । रुपाणी पछिल्लो समय भाजपाका पञ्जाब इन्चार्जका रूपमा कार्यरत थिए ।

रुपाणीको जन्म १९५६ मा म्यानमारको यांगुनमा भएको थियो । १९६० मा म्यानमारको राजनीतिक उथलपुथलपछि उनको परिवार गुजरातको राजकोट आएको थियो ।

भारतीय समयअनुसार दिउँसो १:३८ मा लन्डनका लागि उडेको एआई १७१ उडान नम्बरको बी ७८७ ड्रिमलाइनर जहाज टेकअफलगत्तै दुर्घटनामा परेको हो । दुर्घटनामा परेको जहाजमा २४२ यात्रु रहेको एयर इन्डियाले जनाएको छ । जसमध्ये २ जना पाइलट, १० जना क्याबिन क्रु सदस्य र २३० यात्रु रहेका थिए । जसमध्ये १६९ जना भारतीय यात्रु रहेका छन् । त्यस्तै बेलायतका ५३ जना, पोर्चुगलका ७ जना र क्यानडाका १ यात्रु रहेको एयर इन्डियाले जनाएको छ ।

# देशैभर सुनचाँदी पसल बन्द गरेर व्यवसायीहरू आन्दोलनमा

झापा(प्रस) । देशैभर सुनचाँदी पसल बन्द गरेर व्यवसायीहरू आन्दोलनमा उत्रिएका छन् । बिहीबार नेपाल सुन चाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघ र देशभरका संघहरूले व्यवसाय बन्द गरेर विरोध जनाएका छन् ।

सरकारले आगामी बजेटमार्फत सुनमा २ प्रतिशत विलासिता र हिरामा १३ प्रतिशत भ्याट लगाएको विरोधमा आन्दोलनमा उत्रिएको नेपाल सुन चाँदी व्यवसायी महासंघका निवर्तमान अध्यक्ष मणिकरत्न शाक्यले बताए ।

'सरकारले आगामी बजेटमार्फत सुनमा विलासिता कर लगाएको र सुनका गहनामा प्रयोग हुने बहुमूल्य पत्थर र हिरामा १३ प्रतिशत भ्याट लगाएको छ ,' उनले भने,'यसले सुनचाँदी व्यवसाय नै सङ्कटमा पर्ने देखिएको छ । यो खारेजको माग गर्दै देशभर




सुनचाँदी पसल बन्द गराएर विरोधमा उत्रिएका हौँ ।'

सरकारले सुनको भन्सार ६ प्रतिशत कायम गर्नुपर्ने उनीहरूको माग छ । साथै सुनचाँदी कारोबारका लागि प्रस्ट नीति नियमावली निर्माणको समेत माग गरेका छन् ।

यता झापाको बिर्तामोडस्थित नेपाल सुनचाँदी व्यवसायी महासंघको कार्यालयमा विहीवार पत्रकार सम्मेलनको आयोजना गर्दै व्यवसायीहरुले सुनचाँदी गहनामा लगाइएको विलासिता कर फिर्ता लिन माग गरेका हुन् ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय तृतीय उपाध्यक्ष रुपदल विश्वकर्मा 'राजु'ले सुन तथा सुनका गहनामा लागू गरिएको २ प्रतिशत विलासिता कर खारेज हुनु पर्ने, हिरा - जवाहरत जडित गहनामा लागू गरिएको बताए ।

छिमेकी मुलुक भारतमा सरह नै नेपालमा पनि भन्सार दर ६ प्रतिशत कायम गरिनु पर्ने महासंघको माग रहेको छ ।विश्व वजारको मान्यता अनुसार गुणस्तर प्रमाणीकरणको लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त ल्याव स्थापना गरिनु पर्ने महासंघको माग छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ झापाका अध्यक्ष रमेश विश्वकर्माको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा संघका सल्लाहकार वलराम कार्की , केन्द्रीय सदस्य राजकुमार गुप्ता लगायतको आतिथ्य रहेको थियो ।

# डिपार्टमेन्ट स्टोरमा डुबान हुँदा ६० लाखको क्षति



झापा(प्रस)। झापाको मेचीनगर वडा नं. १३ चारआली चोकमा रमेश आचार्यले अन्डर ग्राउण्डमा संचालन गरेको लक्की डिपार्टमेन्ट (आर्यन प्लाजा) मा डुबान हुँदा ६० लाख बराबरको क्षति भएको छ ।

बुधवार राति परेको अविरल बर्षाका कारण पूर्वपश्चिम राजमार्गको नालीको भल पानी डिपार्टमेन्टमा छिरेको हो । डिपार्टमेन्टमा रहेका किराना आईटम, कस्मेटिक, गिफ्ट , इलेक्ट्रोनिक सामान, ग्रोसरी सामान, डेकोरेसन सामान र कपडाहरु गरी अन्दाजी ६० लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त स्थानमा प्रहरी चौकी चारआलीबाट प्रहरी टोली खटिएर सामान निकालेको जनाइएको छ ।

# मेचीनगरमा विभिन्न विधाका नौजना खेल प्रशिक्षक नियुक्त

• **लक्ष्मी उप्रेती**

मेचीनगर । खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन साथै दक्ष र अनुभवी खेलाडी उत्पादन गर्ने उद्धेश्यसहित क्लोजक्याम्प सञ्चालनका लागि सहायक पाँचौ तहको सेवा सुविधासहित झापाको मेचीनगर नगरपालिकाले विभिन्न खेल विधाका नौजना खेलाडीहरुलाई प्रशिक्षकका रुपमा नियुक्त गरेको छ ।

जेठ १२ गतेको कार्यपालिकाको बैठकले फुटबल, भलिबल, क्रिकेट कवड्डी र व्याडमिन्टनका लागि जेठ ७ देखि असार ६ गतेसम्म एक महिनाका लागि टिम प्रशिक्षकमा पूर्णबहादुर लिम्बु, फुटबलका लागि सन्तोष बस्नेत र डिकबहादुर धिमाल, फुटबलको गोलकिप्पर प्रशिक्षकका लागि लाक्पा तामाङ, भलिबल प्रशिक्षकका लागि निर्मल नेम्बाङ र सञ्जय अधिकारी, क्रिकेट प्रशिक्षकका लागि लाक्पा लामा, कवडी प्रशिक्षकका लागि अमृत मेचे र व्याडमिन्टन प्रशिक्षकका लागि दिपक घिमिरेलाई एक महिनाका लागि करार संझौता गर्ने निर्णय गरेको हो ।

मेचीनगर खेलकुद विकास समितिबाट सिफारिस भएका खेलाडीहरुलाई विभिन्न खेलको क्लोजअप सञ्चालनका लागि नियुक्त गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका अनुसार उनीहरुको पारिश्रमिक नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नगर विकास योजना अन्तर्गत खेलकुद विकास तर्फको बजेट शीर्षक क्लोजक्याम्पका लागि खेल प्रशिक्षक राखि खेलकुद प्रशिक्षण (फुटबल, भलिवल, क्रिकेट, व्याडमिन्टन, र कवड्डी अन्तरपालिकासँग साझेदारी समेत) बाट उपलब्ध गराउने बैठकले निर्णय गरेको छ ।

# 'एक साताभित्र देशभर मनसुन सक्रिय'



झापा(प्रस) । जल तथा मौसम विज्ञान विभागले एक साताभित्र देशभर मनसुन सक्रिय हुने जनाएको छ । यस वर्ष औसत मितिभन्दा १५ दिन अघि नै नेपालको पूर्वी भूभागमा मनसुन प्रवेश गरेको र एक साताभित्र देशभर मनसुन सक्रिय हुने विभागले जनाएको हो ।

विभागकी वरिष्ठ मौसमविद् शान्ति कँडेलले बिहीबारबाट देशव्यापी रूपमा वर्षाका गतिविधि वृद्धि हुँदै गएको जानकारी दिइन् । केही दिन सबै प्रदेशमा हल्कादेखि भारी वर्षाको सम्भावना देखिएको उनले बताइन् । उनले हालसम्म मनसुनी वायु पूर्वी क्षेत्रमा मात्रै रहेको र एक साताभित्र देशभर फैलने जानकारी दिइन् ।

कँडेलले यस वर्ष देशभर वर्षाका साथै अधिकतम तथा न्यूनतम तापक्रम समेत औसत भन्दा बढी मापन हुने सम्भावना देखिएको उल्लेख गरिन् । उनले जल तथा मौसम प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि सर्वसाधारणहरूले समेत मौसमको जानकारी लिनुपर्ने बताइन् ।

# साइबर अपराध बन्यो तर्साउने हतियार

झापा । साइबर अपराध सम्बन्धी कसूरमा पत्रकार दिलभूषण पाठक विरुद्ध पक्राउ पुर्जी जारी भएको छ। पत्रकार पाठकले बनाएको भिडिओ 'एक्सप्लेनर' का मुख्य पात्र थिए, जयवीर देउवा। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका छोरा हुन्, उनी।

पत्रकार पाठकले हिल्टन होटलमा जयवीरको लगानी रहेको भनेर विभिन्न अनलाइनमा आएका समाचारलाई आधार मानेर 'एक्सप्लेनर' बनाएका थिए। 'टफ टक' नामक कार्यक्रममा जेठ ३ गते प्रसारण भएको उक्त सामग्रीबारे साइबर ब्यूरोमा जाहेरी परेको थियो।

आफूलाई मन नपर्ने समाचार सामग्री अनलाइन सञ्चारमाध्यममा आएमा शासनमा बस्नेहरूले साइबर अपराधको कसूर लगाउने प्रवृत्ति पुरानै हो, जसको पुनरावृत्ति पत्रकार पाठकमा भएको छ। शासनमा आसन जमाएकाहरूको आलोचना गर्नासाथै यही कसूरमा पक्राउ गरेर ठेगान लगाउन खोजका थुप्रै घटना भेटिन्छन्।

गत भदौमा काठमाडौंको टुँडिखेलमा गौरापर्व मनाउन गएका प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री देउवा विरुद्ध नाराबाजी भएको भिडिओ फेसबूकमा शेयर भयो। यसरी शेयर भएको भिडिओ दोलखाका मानबहादुर कार्कीले 'यो जोडीलाई दुई शब्दमा व्याख्या गर्नोस्' भन्ने लेखेर शेयर गरे। यही कारण उनले साइबर अपराधको मुद्दा खेप्नुपर्‍यो। उनलाई साइबर ब्यूरोले तत्कालै पक्राउ गरेर मुद्दा चलायो। गत पुसमा कार्कीलाई काठमाडौं जिल्ला अदालतले सामाजिक सञ्जालमा भेटिएको भिडिओ शेयर गर्नु साइबर अपराध नहुने भन्दै सफाइ दिएको थियो।

त्यस्तै, गत साउनमा रमेशबहादुर रावतले प्रधानमन्त्री ओलीको तस्वीर सहित 'यही हो देश लुट्ने, भ्रष्टाचारका कुलदेवी…' भनेर फेसबूकमा पोस्ट गरे। त्यसपछि उनलाई पनि साइबर अपराधको कसूर लगाइएको थियो।

साइबर अपराधको फन्दामा पत्रकार पनि परेका छन्। २०७५ सालमा तत्कालीन महानगरीय प्रहरी परिसर, काठमाडौंले पत्रकार राजु बस्नेत विरुद्ध साइबर कसूर लगाएको थियो। उनले दृष्टि साप्ताहिकको समाचार साभार गरेर खोजतलास अनलाइनमा हालेका थिए।

छापामाध्यममा सम्प्रेषित हुँदा प्रहरीको नजरमा कुनै कानून उल्लंघन नभएको उक्त सामग्री अनलाइनमा प्रकाशित हुँदा चाहिं दण्डनीय अपराध बन्यो।

"हामीकहाँ कन्टेन्टभन्दा माध्यम दोषी भइरहेछ," साइबर कानून सम्बन्धी जानकार अधिवक्ता बाबुराम अर्याल भन्छन्, "अपराध त जहाँ गरे पनि अपराध नै हुनुपर्ने। एउटै कुरा पत्रिकामा छाप्दा ठीक, अनि अनलाइनमा गलत कसरी हुन्छ?"

प्रहरीको साइबर ब्यूरो नै अभिव्यक्ति स्वतन्त्रताको विवाद समेत हेर्ने निकाय जस्तै भइरहेको छ, सरकारको दबाबमा भएका केही गतिविधिले। खासगरी शासकलाई प्रश्न गर्नेहरू विरुद्ध उजुरी दिने र लगत्तै पक्राउ गरेर मुद्दा चलाइहाल्ने दौडमा साइबर ब्यूरो देखिन्छ। "सत्ताको इशारामा यस्ता उजुरी लिने र मुद्दा चलाउने रोग ब्यूरोलाई लागेको छ," अधिवक्ता अर्याल भन्छन्।

अभिव्यक्ति र प्रेस स्वतन्त्रता खुम्च्याउन राज्य संयन्त्र कसरी लागेको छ भन्ने अर्को घटनाले पनि देखाउँछ। पत्रकार पाठकलाई साइबर अपराधको कसूरमा पक्राउ पुर्जी जारी गरिएको सार्वजनिक भएकै दिन नेपालखबर र बिजमान्डु अनलाइनमा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतले अल्पकालीन अन्तरिम आदेश नै दिएको छ। धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले आफू विरुद्ध लेखेका समाचार हटाउन र आइन्दा समाचार नलेख्न आदेश दिनुपर्ने माग सहित निषेधाज्ञाको मुद्दा हालेका थिए।

न्यायाधीश पीताम्बर शर्माको एकल इजलासले श्रेष्ठको माग बमोजिम अल्पकालीन अन्तरिम आदेश दिएको हो। यसको अर्थ दुवै अनलाइनले श्रेष्ठबारे लेखिएका समाचार हटाउनुपर्नेछ भने अर्को आदेश नहुन्जेल उनीबारे थप समाचार लेख्न प्रतिबन्ध लागेको छ।

अधिवक्ता सन्तोष सिग्देल संविधानमा सञ्चारमाध्यमलाई पूर्व प्रतिबन्ध नलाग्ने व्यवस्था सुनिश्चित गरेकाले अदालतको अल्पकालीन अन्तरिम आदेशले त्यसको उल्लंघन गरेको बताउँछन्। संविधानको धारा १९ को उपधारा १ मा यस्तो व्यवस्था छ। त्यसमा भनिएको छ, 'जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना, अन्य कुनै पाठ्य, श्रव्य, दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन।'

समाचार भ्रामक भए/नभएको, दाबी गरे जस्तै गालीबेइज्जती, मानहानि गर्‍यो कि गरेन भनेर अनुसन्धान नै नगरी पहिले पक्राउ गर्ने, समाचार हटाउन लगाउने अनि मात्र त्यसबारे छलफल हुने डरलाग्दो परिपाटी विकास भएको अधिवक्ता सिग्देलको भनाइ छ।

सञ्चारमाध्यममा प्रकाशित सामग्रीबारे चित्त नबुझे कानूनी उपचार खोज्ने निकाय हो, प्रेस काउन्सिल। सञ्चार क्षेत्रलाई नियमन गर्ने अर्धन्यायिक यो निकायमा जाने बाटो हुँदाहुँदै सोझै अदालतमा मुद्दा हालेर प्रेस स्वतन्त्रता मात्र होइन, नागरिक स्वतन्त्रतामा नै दक्खल दिन थालिएको साइबर अपराध कानूनबारे जानकार अधिवक्ता सिग्देलको भनाइ छ। "यो प्रेस स्वतन्त्रताको कुरा मात्र रहेन, यसले त नागरिक स्वतन्त्रताकै अभ्यासलाई संकुचनमा पारिरहेको छ," उनी भन्छन्, "यो कुनै एउटा घटनामा मात्र छैन, प्रवृत्तिकै रूपमा देखा परेको छ।"

अधिवक्ता सिग्देलका अनुसार नागरिक स्वतन्त्रता संकुचन गराउन सरकार अहिले दुई तरीकाले लागिपरेको छ। पहिलो प्रदर्शन, विरोध गर्ने भौतिक ठाउँहरूमै निषेधाज्ञा जारी गर्ने र दोस्रो 'डिजिटल स्पेस' मा संकुचन। अनलाइनमा आएका समाचार हटाउन भन्ने र सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा आलोचकहरूलाई साइबर अपराधको मुद्दा हाल्ने दुई अस्त्र चलाइएको उनको भनाइ छ। "यसले हाम्रो लोकतान्त्रिक मूल्यमान्यतामै प्रहार गर्न खोजेको छ," उनी भन्छन्।

सञ्चारमाध्यमले जहिले पनि सरकारको कामकारबाहीबारे निगरानी गर्ने भएकाले यो सत्ताशक्तिमा रहेकाहरूको तारो बन्ने गरेको छ। फ्रीडम फोरमका संस्थापक एवं नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तारानाथ दाहाल समाचारका कारण कसैको जीवनमा ठूलो क्षति पुग्ने भए मात्र अदालतले समाचार हटाउन आदेश दिन सक्ने भए पनि अहिले यसको दुरुपयोग भइरहेको बताउँछन्। "मुद्दा पर्दैमा समाचार हटाउनुपर्छ भन्नु गलत हो," दाहाल भन्छन्, "सार्वजनिक पदमा बसेपछि उठेका प्रश्नको तथ्यगत खण्डन गर्नुको सट्टा समाचार नै हटाउनू भन्नु डरलाग्दो हो।"

सर्वोच्च अदालतका पूर्व न्यायाधीश बलराम केसी पनि प्रेस काउन्सिलले नियमन गर्नुपर्ने विषयमा साइबर अपराध जस्तो गम्भीर कसूर लगाउनु शासकीय भयको उपज भएको बताउँछन्। "सार्वजनिक ओहोदामा बसेका व्यक्तिबारे प्रश्न उठेपछि त्यसबारे छानबिन गर्नुभन्दा पहिले नै साइबर अपराधको मुद्दा लगाउने प्रवृत्ति देखिन्छ," केसी भन्छन्, "पदमा बसेर सेतो लुगा लगाएपछि त्यसमा दाग लाग्नु हुँदैन। दाग लागे प्रश्न उठ्छ। त्यो व्यक्तिलाई उठेको प्रश्न होइन, पद अनुसारको काम नगर्दा उठेको प्रश्न हो। पहिला छाप्नेलाई समात्ने अनि देखा जाएगा भन्ने गरिएको छ।"

# तीन दिनभित्र हाजिर नगराए कारबाही गर्ने चेतावनी

झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सङ्घीय अस्पताल तथा मातहतका निकायमा सरुवा भए पनि हाजिर नगराइएका कर्मचारीलाई तीन दिनभित्र हाजिर नगराए कारबाही गर्ने चेतावनी दिएको छ ।

सरुवा भए पनि कर्मचारीलाई हाजिर नगराइएको तथा काजमा लामो समय कार्यरत रहेको गुनासो आएपछि स्वास्थ्य तथा कार्यालयमा पत्र पठाउँदै तीन दिनभित्र कर्मचारीलाई हाजिर नगराए विभागीय कारबाही तथा सेवा सुविधाको रकम असुलउपर गर्ने सचिवस्तरीय निर्णयको ब्यहोर ासहितको पत्र पठाएको छ ।

स्वास्थ्य सेवामा आफ्नो दरबन्दीभन्दा बाहिर काजमा बस्ने प्रवृत्ति धेरै रहेको र यसकै कारण सरुवा भएकालाई समेत हाजिर गराउन



जनसंख्या मन्त्री प्रदीप पौडेलले यसलाई रोक्न तीन दिनभित्र हाजिर गराउने व्यवस्था गर्न अधिकारीलाई निर्देशन दिएका थिए ।

सोही अनुरुप मन्त्रालयको कर्मचारी प्रशासन शाखाले सङ्घीय अस्पताल तथा मातहतका नसकिएको गुनासो सुनिने गरेको थियो । सोही गुनासो सम्बोधन गर्न मन्त्रालयले कडा चेतावनीसहितको पत्र पठाएको हो ।मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले अटेर गरेमा विभागीय कारबाही गरिने बताए ।

# माओवादी अवरूद्ध सदन खुलाउन सकारात्मक

झापा(प्रस) ।जेठ १३ गतेदेखि अवरुद्ध सदन खुलाउने विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) सकारात्मक देखिएको छ ।भिजिट भिसा प्रकरणका कारण अवरुद्ध रहेको प्रतिनिधिसभा खुलाउन सभामुख देवराज घिमिरेसँग अध्यक्ष पुष्पकमल दाहाल र प्रमुख सचेतक हितराज पाण्डेले बिहीबार गरेको भेटवार्तामा माओवादी अवरुद्ध सदन खुलाउन सकारात्मक देखिएको हो ।

सभामुख घिमिरेका प्रेस संयोजक शेखर अधिकारीले सदनको अवरोध खुलाउन माओवादी अध्यक्ष प्रचण्ड सकारात्मक देखिएको बताए ।'उहाँले पहिला सहमतिको भाषाबारे प्रतिपक्षी दलहरूको बैठकमा छलफल गर्छौं। त्यसपछि सत्तापक्षसँग बसेर सहमति गर्छौं भन्नुभएको छ,' अधिकारीले भने ।

सभामुख घिमिरेले प्रचण्डसँगको भेटमा बजेटमाथिको सैद्धान्तिक छलफलका लागि निर्धारण गरिएको कार्यतालिका घर्किएको, दफावार छलफलबाट सहमति जुटेर सभामा आएका निजामती र नागरिकतासम्बन्धी विधेयकबारे छलफल गर्न अत्यावश्यक रहेको भन्दै गतिरोध अन्त्यका लागि सहमति गर्न आग्रह गरेका थिए ।

जवाफमा प्रचण्डले आफूले त्यो विषय बुझेको र सहमतिका लागि प्रयास गर्ने बताएको अधिकारीले जानकारी दिए । संसद् भवन नयाँ बानेश्वरमा भएको छलफलमा उपसभामुख इन्दिरा रानामगर र माओवादीका प्रमुख सचेतक हितराज पाण्डे पनि सहभागी थिए ।

# स्वरोजगारमूलक शिक्षाका लागि आमुल परिवर्तन गर्न प्रधानमन्त्रीको जोड

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षालाई आधुनिक प्रविधियुक्त, जीवनोपयोगी र रोजगारमूलक बनाउन आमुल परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा बिहीबार भएको काठमाडौं विश्वविद्यालयसभाको ९९औं बैठकमा विश्वविद्यालयका कुलपति समेत रहेका प्रधानमन्त्री ओलीले रोजगारी सृजना र स्वरोजगार हुने जनशक्ति उत्पादनमा लाग्नुपर्नेमा जोड दिए। यसका लागि काठमाडौं विश्वविद्यालयले गरेका प्रयास सकारात्मक भएको उनको भनाइ थियो।

उनले स्वास्थ्य, शिक्षा र अन्य विषयमा आम विद्यार्थीको पहुँचवृद्धि गर्न र चिकित्सा शिक्षामा मात्रै दिइँदै आइएको ७५ प्रतिशतसम्मको छात्रवृत्तिका बारेमा पुनःविचार गर्नुपर्ने धारणा राखे ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं विश्वविद्यालयका सहकुलपति रघुजी पन्तले शैक्षिक सुधार र रुपान्तरणका लागि प्रधानमन्त्री ओलीले लिएको चासो र चिन्तालाई कार्यान्वयन गराउन आग्रह गर्दै मन्त्रालयका तर्फबाट नेपाललाई शैक्षिक हब बनाउन प्रयास गरिने बताए।

विश्वविद्यालयका उपकुलपति प्राडा. अच्युतप्रसाद वाग्लेले शिक्षणका साथै अनुसन्धनात्मक विश्वविद्यालयको अवधारणालाई व्यवहारमा अनुवाद गर्ने नीति अनुरूप काम गरिने बताए ।

# नेपालले वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्ने




झापा । नेपालले वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्ने भएको छ। नेपाल क्रिकेट संघ नेपालले बिहीबार उक्त कुराको जानकारी दिएको हो।

नेपालले पहिलोपटक टेस्ट टोली वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्न लागेको हो। नेपालले आउँदो सेप्टेम्बरमा उक्त सिरिज खेल्न लागेको हो।

क्यानका अनुसार सेप्टेम्बर २७, २८ र ३० मा उक्त खेलहरू हुन्छन्। क्यानले न्युट्रल भेन्युको रूपमा पहिलो पटक देश बाहिर आयोजकको रूपमा युएईको सारजाह क्रिकेट रंगशालालाई प्रयोग गर्ने भएको हो। नेपालमा अन्तर्राष्ट्रिय रंगशाला नहुँदा नेपालले टेष्ट राष्ट्रसँग खेल्न न्युट्रल भेन्यु प्रयोग गर्न लागेको प्रवक्ता छुम्बी लामाले जानकारी दिए।

नेपालले गत टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेको थियो। नेपालले दक्षिण अफ्रिका र बंगलादेशसँग निकै प्रतिस्पर्धात्मक खेल खेलेपछि क्रिकेट जगतमा नेपालको चर्चा चुलिको थियो। नेपालले दक्षिण अफ्रिकासँग १ रनको हार व्यहोरेको थियो भने बंगलादेशलाई जम्मा १०६ रनमा रोक्न सफल भएको थियो। बंगलादेशसँगको खेलमा नेपाल २१ रनले पराजित भएको थियो। त्यसपछि आयोजना भएको नेपाल प्रिमियर लिगमा वेस्ट इन्डिजका क्रिकेट लेजेन्ड ब्रायन लारा नेपाल भ्रमण गरेका थिए। उनले नेपाली प्रतिभाहरूलाई देखेर प्रशंसा पनि गरेका थिए।

# सर्पले टोकेर बालिकाको मृत्यु

झापा(प्रस) । मोरङको बेलबारी नगरपालिका-५ सोमबारेकी एक बालिकाको सर्पले डसेर बिहीबार दिउँसो मृत्यु भएको छ।

मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालका अनुसार सर्पले टोकेर सीता रायमाझीकी ८ वर्षीया छोरी सन्ध्या रायमाझीको मृत्यु भएको हो। बालिकालाई दिउँसो ४ बजेतिर सर्पले टोकेको प्रारम्भिक अनुसन्धानबाट खुलेको चुँडालले बताइन्।

गम्भीर घाइते बालिकालाई उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पुर्याइएको थियो। अस्पताल पुर्याउनसाथ चिकित्सकले मृत घोषित गरेको जानकारी डीएसपी चुँडालले दिइन्। 'घरमै सुतिरहेकी बालिकालाई सर्पले टोकेको जानकारी आएको छ,' उनले भनिन्, 'अस्पताल पुर्याउनसाथ चिकित्सकले मृत घोषित गरेका छन्।'

चुँडालका अनुसार बालिकालाई कुन प्रजातिको सर्पले टोकेको भन्ने खुल्न बाँकी छ। यद्यपि चिकित्सकले पनि बालिकालाई सर्पले डसेको जानकारी दिएको प्रहरीले जनाएको छ। घटनाका बारेमा थप अनुसन्धान भइरहेको चुँडालले बताइन्।

**बिमालेख हरायो**

झापा अर्जुनधारा ५ निवासी केशव प्रसाद मैनालीको सानिमा रिलायन्स इन्सुरेन्स लि.को १०५०००००६८९ नम्बरको पोलिसी पेपर बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा २०८२/१/०४ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : केशव प्रसाद मैनाली**
**ठेगाना: अर्जुनधारा ५ झापा**
**मो: ९८१६०६५७७३**

**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालयको**

**हकदावी गर्ने सम्बन्धी सूचना**

**प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वार्ड नं. १० वस्ने श्री पशुपति बराल र दिपेन्द्र बरालको संयुक्त नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी ६ हाल भद्रपुर न.पा वार्ड नं १० को कि नं ८८७८ को जम्मा व. मि २२०१२ जग्गामा भवन निर्माण गरी उक्त भवनको नक्सा पास गरी भवन नक्सा अभिलेखीकरण प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पश्चिमतर्फको सँधियार श्री कल्पना न्यौपाने सरजमिन स्थलमा अनुपस्थित हुनु भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) वमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कनै किसिमको दावी विरोध भए १५ दिन भित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला । म्यादभित्र दावी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराईन्छ ।**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अर्थतन्त्रमा सुधारको खाँचो

**एक महिनामै १ खर्ब ६५ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रियो । वैशाखमा भित्रिएको रेमिट्यान्स अहिलेसम्मकै सबैभन्दा धेरै अर्थात् कीर्तिमानी हो । विदेशी मुद्राको सञ्चिति वैशाखसम्म २५ खर्ब १२ अर्ब ९५ करोड पुगेको छ । केन्द्रीय बैंकले कम्तीमा सात महिनासम्मको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी मुद्रा सञ्चितिको लक्ष्य राखेको थियो । तर १४ महिनालाई काफी हुने मुद्रा सञ्चित भएको छ । शोधनान्तर ४ खर्ब ३८ अर्ब बचतमा छ ।**

**चालु आर्थिक वर्षका पहिलो १० महिनाको तथ्यांक हेर्दा अर्थतन्त्रको बाह्य स्वरूप सुधारोन्मुख देखिन्छ । निर्यात ७२.७ प्रतिशत वृद्धि भएको छ । मूल्यवृद्धि दर पनि केही घटेको छ । तर खुसी भइहाल्ने अवस्था छैन, किनभने यो सन्तुलन सतही हो । आन्तरिक अर्थतन्त्र कमजोर छ । आन्तरिक अर्थतन्त्र चलायमान भएको छैन । नेपाली अर्थतन्त्रको बोक्रो बलियो र गुदी कमजोर छ भन्ने देखिन्छ । बजारमा माग छैन । उत्पादनको वृद्धि न्यून गतिमा छ । निजी क्षेत्र लगानीका लागि उत्साहित देखिन्न । निजी क्षेत्रमा कर्जा प्रवाह १२.५ प्रतिशतको लक्ष्य राखिए पनि ७.३ प्रतिशतमा सीमित भएबाटै उद्यमी व्यवसायीले भनेजस्तो वातावरण भएन भन्ने हो । सरकार राजस्व संकलनमा सफल छैन । पुँजीगत खर्चमा पनि असफलजस्तै छ । निजी क्षेत्र उत्साहित नहुनुको कारण वातावरण नपाउनु हो र बजारको मागले पनि तान्न नसक्नु हो, त्यसको प्रत्यक्ष असर राजस्व र रोजगारी सिर्जनामा पर्ने नै भयो । वैदेशिक रोजगारीमा युवा बिदेसिने दर बढेकाले नै रेमिट्यान्स भित्रिने क्रमले कीर्तिमानी कायम गरेको न हो ।**

**बाह्य सूचकको सुधारलाई आधार बनाउँदै आन्तरिक अर्थतन्त्रमा सुधारको खाँचो देखिन्छ । त्यसका लागि स्पष्ट राजनीतिक इच्छाशक्ति, योजनाबद्ध कार्यान्वयन र निजी क्षेत्रलाई भरोसा दिलाउने वातावरण अपरिहार्य छ । बजारमा माग नबढेसम्म अर्थतन्त्र चलायमान पनि बन्दैन र विस्तार पनि हुँदैन । केन्द्रीय बैंकमा ३६० अर्ब ९८ करोड नगद मौज्दात थन्किएको छ । विकासका लागि त्यसको सदुपयोग गर्ने ल्याकत सरकारले राख्नुपर्ने थियो । अर्थतन्त्र चलायमान बनाउने प्रमुख क्षेत्र निर्माण हो । सरकार आफैं पुँजीगत खर्च गर्न कमजोर भएपछि निर्माण क्षेत्र सुस्ताउनु स्वाभाविक भइहाल्यो । त्यसमाथि कृषि र खनिज क्षेत्र झन् सुस्त छन् । निर्यात वृद्धिमा भटमास, पाम तेल, र पोलिस्टर धागोजस्ता वस्तुको योगदान छ । ती भनेको आयातित कच्चा पदार्थमा आधारित हुन् ।**

**आर्थिक गतिविधिलाई चलायमान बनाउन विकास खर्चको प्रभावकारी कार्यान्वयन चाहिन्छ । जुन सरकारको दायित्व हो । सुशासन, भ्रष्टाचार नियन्त्रणबिना आर्थिक सुधार सम्भव हुँदैन । त्यसका लागि चाहिने राजनीतिक स्थिरता हो । सरकारले त्यो छ भने पनि नाफा क्षेत्र (निजी क्षेत्र) आश्वस्त बन्न सकेको छैन ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बौद्धिक पलायन संकट



• कृष्णमणि पराजुली

बौद्धिक भन्नाले विशेष योग्यता र क्षमता भएका व्यक्ति भन्ने मानिन्छ । देश विकासका लागि यस्तो जनशक्ति आवश्यक हुन्छ । विशेष योग्यता, सिप र दक्षता भएका व्यक्तिको अभाव हुन नदिन राज्यले यस प्रकारका जनशक्ति उत्पादन गर्न विभिन्न विद्यालय, महाविद्यालय, विश्वविद्यालय र प्रशिक्षण प्रतिष्ठान स्थापना गरेको हुन्छ । बौद्धिक जनशक्ति उत्पादन गर्न सरकारले धेरै लगानी पनि गर्छ । उत्पादित जनशक्तिलाई उपयुक्त किसिमले व्यवस्थापन गर्न नसकेमा त्यस्ता जनशक्ति रोजगारीका लागि विदेश पलायन हुने गर्छन्, यसलाई बौद्धिक पलायन भनिन्छ ।

शिक्षित, दक्ष र प्रतिभाशाली व्यक्ति उत्पादन गर्न लामो समय र धेरै लागत लाग्ने हुन्छ । यी व्यक्तिमा खास गरेर डाक्टर, इन्जिनियर, वैज्ञानिक, प्राध्यापक आदि पर्छन् । यस्ता व्यक्तिले स्वदेशमा कुनै रोजगारी पाउन सकेनन् भने रोजगारीकै लागि विदेश पलायन हुन्छन् । विदेश गएर छोटो अवधिमा उनीहरूले राम्रो आयआर्जन गर्न सक्छन् । यद्यपि राज्यलाई भने ठुलो धक्का पुगेको हुन्छ । राज्यले ठुलो धनराशि खर्च गरेर तयार गरेको बौद्धिक जनशक्ति बाह्य मुलुकले बिनालगानी प्राप्त गर्छन् । थोरै पारिश्रमिकमा दक्ष जनशक्तिबाट धेरै फाइदा लिएका पनि हुन्छन् । अहिले नेपालमा यही भइरहेको छ ।

जनशक्ति विकासका लागि सरकारले ठुलो रकम लगानी गरेको छ । निजी तहबाट पनि व्यक्ति अथवा परिवारले धेरै लगानी गरेको छ । २० प्रतिशतभन्दा बढी गरिबी भएको देशमा यसरी लगानी भएको रकमबाट राज्यले कुनै फाइदा लिन नसक्नु भनेको ठुलो नोक्सानी हो । विशेष किसिमले उत्पादन गरिएका जनशक्ति अन्य मुलुकले उपयोग गर्न पाउनु र आफ्नो देश भने टुलुटुलु हेर्नु भनेको सबैका लागि चिन्ताको विषय हो । नेपालमा बौद्धिक पलायन हुनुमा कुनै एक कारण मात्र जिम्मेवार देखिँदैन, यसमा धेरै कारण छन् । नेपाल अति कम विकसित देश हो । शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, विद्युत्, पूर्वाधार विकासनिर्माण जस्ता धेरै क्षेत्रमा विकास हुन सकेको छैन । त्यस कारण आवधिक योजना वा प्रत्येक वर्ष ल्याइने वार्षिक बजेट तथा कार्यक्रम होस् उही र उस्तै किसिमका नीति तथा कार्यक्रम आउने गरेका छन् ।

मानिस विदेश पलायन हुन चाहँदैन । जसलाई पनि आफ्नै देश प्यारो हुन्छ । विदेशमा राम्रो पारिश्रमिक हुन सक्छ । केही अन्य सुविधा पनि होलान् तर आफ्नो देशमा जति रमाउन सकिन्छ विदेशमा निश्चय नै रमाउन सकिँदैन । यस्ता कुरा बुझ्दाबुझ्दै पनि बाध्यताले मानिस विदेश पलायन हुन्छ । स्वदेशमा रोजगारीका अवसर कम भएकैले मानिस बिदेसिन्छ । स्वरोजगारको वातावरण र राज्यका तर्फबाट पनि रोजगारी उपलब्ध नभएपछि पलायन हुनुलाई अन्यथा लिन सकिँदैन । धेरै लगानी गरेको जनशक्तिले थोरै तलबमा काम गर्न पनि चाहँदैन किनभने उसले लामो समय खर्चेको र धेरै लगानी गरेको हुन्छ । जसले पनि समय र लगानीको प्रतिफलको अपेक्षा गरेकै हुन्छ ।

नेपालमा ब्रेन ड्रेनको ठुलो समस्या देखिएको छ । बौद्धिक जगत् मात्र होइन साधारण व्यक्तिको पनि ठुलो जमात विदेश पलायन भएको छ । करिब ७० लाखको हाराहारीमा वैदेशिक रोजगारीमा गएको अनुमान छ । यति ठुलो जनशक्ति देशबाट बाहिरिनुलाई कदापि राम्रो मान्न सकिन्न । यो जनशक्तिलाई स्वदेशमा खपत गर्न सकिएको भए देशको आर्थिक स्वरूप नै अर्कै हुन्थ्यो । विदेश पलायन भएको जनशक्तिले पठाएको पैसाले उनीहरूको घरपरिवार धानिएको छ र देशको अर्थतन्त्रलाई समेत ठुलो टेवा पुगेको छ । करिब ६१ खर्बको आर्थिक संरचना र औसत १७ खर्बको वार्षिक बजेट भएको मुलुकमा १८ खर्बको हाराहारीमा विप्रेषणबाट विदेशी मुद्रा स्वदेश भित्रिनुलाई राम्रै मान्नु पर्छ ।

देशमा गणतन्त्र आएपछि राजनीतिक स्थिरता देखिए पनि सरकारको अस्थिरता भने हट्न सकेको छैन । कुनै पनि दलको एकलौटी सरकार बन्न नसकेकाले पटक पटक सरकार फेरबदल हुँदै आएको छ । छिटो छिटो सरकार गठन र विघटन हुने कार्यले कुनै पनि राष्ट्रिय नीतिले स्थायित्व लिन सकिरहेका छैनन् । कुनै व्यवसाय सञ्चालन गरेर स्वदेशमा नै केही गर्छु भन्नेका लागि पनि विश्वस्त हुने आधार देखिँदैन । यस कारण पनि प्रतिभाशाली एवं बौद्धिक व्यक्ति विदेश पलायन हुनुपर्ने बाध्यता छ । बौद्धिक व्यक्तित्वले जहिले पनि सकारात्मक परिवर्तन खोजेको हुन्छ । स्वदेशमा नै केही गर्छु भन्दा पनि अनुकूल वातावरण बन्न नसकेपछि विदेश गएर भए पनि केही गर्ने विचारले पलायनको बाटो रोज्छ । युवापुस्ता, जो अध्ययन अनुसन्धानसम्बन्धी कार्यलाई बढी मन पराउँछ । अनुसन्धानका क्षेत्रले कम प्राथमिकता पाएकाले यो कार्यमा पनि युवालाई त्यति सहज वातावरण देखिँदैन । यसकारणले पनि ऊर्जाशील र बौद्धिक जमातको विदेश पलायनले निरन्तरता पाइरहेको हो ।

मानिस स्वभावैले आफ्नो जीवनस्तर उन्नत बनाउन चाहन्छ । यसका लागि उसलाई स्रोतसाधनको आवश्यकता पर्छ । नेपाल जस्तो देशमा स्रोतसाधन सीमित र अपेक्षा असीमित हुने हुँदा यी दुई अवयवबिच सामञ्जस्यता कायम गर्न सकिएको छैन । जसले गर्दा साधन र अपेक्षाको दुरी फराकिलो हुने गरेको छ । युवा तथा बौद्धिक पुस्तालाई कुनै कार्य सञ्चालन गर्न वित्तीय तथा भौतिक साधनको अभाव भएकाले यसैको प्राप्तिका लागि विदेश पलायन भएको देखिन्छ ।

विकसित मुलुकमा उन्नत जीवनशैली बिताउने अवसर मिल्छन् । यसको देखासिकीले पनि बौद्धिक जमातलाई प्रेरणा दिएको छ । युवा वर्गले धेरै कुरा सिकेको छ, जानेको छ, बुझेको छ र अध्ययन गरेको छ तर पनि आफूले प्राप्त गरेको ज्ञानलाई प्रयोगमा ल्याउन नपाएकाले ऊ विदेश पलायन हुन्छ । स्वदेशमा यी कुराको कमी भएकाले अवसरको खोजीमा विभिन्न देशमा उच्च जीवनयापनको खोजीमा गएको हुन्छ ।

विज्ञान र प्रविधिको विकासले गर्दा विश्व खुम्चिँदै गएको छ । संसारको एउटा कुनामा भएको घटना क्षणभरमा नै संसारभर फैलिएको हुन्छ । यस्ता घटनाबाट बौद्धिक जमात पूर्ण परिचित हुने भएकाले त्यसतर्फ आकर्षित छ । यस किसिमका अनेक प्रगतिले बौद्धिक जमातलाई आकर्षण गरेको हुन्छ, जसलाई हामी 'पुल फ्याक्टर' भन्छौँ । अर्कोतर्फ स्वदेशमा बौद्धिक जमातलाई आकर्षण गर्न सक्ने आधारको कमी भएकाले विदेश पलायन हुने विषयले प्रश्रय पाइरहेको हो । यसलाई 'पुस फ्याक्टर' भन्न सकिन्छ । यसरी स्वदेशमा विकर्षण र विदेशमा आकर्षण बढी हुने भएकाले पनि बौद्धिक जमात पलायन हुँदै गएको छ ।

बौद्धिक पलायनले मूलतः नेपाल जस्ता अल्पविकसित देशलाई नराम्रो असर पार्छ । ठुलो सङ्ख्यामा देशभित्रको योग्य जनशक्ति विदेश पलायन भएपछि राज्यका विभिन्न क्षेत्र अविकसित हुँदै जान्छन् । यस्तो जनशक्ति अभावले देशको राजनीति, आर्थिक, सामाजिक विकासमा समस्या उत्पन्न हुन्छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माणलगायतका क्षेत्र कमजोर हुँदै जान्छन् । अन्ततः विकासले भन्दा अविकासले देशलाई बढी असर पारेको हुन्छ ।

बौद्धिक पलायन सधैँ नकारात्मक मात्र हुन्छ भन्न सकिँदैन । यसका सकारात्मक पक्ष पनि हुन्छन् । यही बाहिरिएको जनशक्ति स्वदेश फर्किएपछि विदेशमा प्राप्त गरेको ज्ञान, सिप, अनुभव, प्रविधि आदि स्वदेशमा प्रयोग हुन सक्यो भने देश विकासमा ठुलो परिवर्तन ल्याउन सकिन्छ । कुनै पनि देश सबै थोकमा आत्मनिर्भर हुन सक्दैन । नेपाल आर्थिक दृष्टिकोणबाट कमजोर भइरहेको अवस्थामा विदेश पलायन भएको जनशक्तिले पठाएको रकमले देशको अर्थतन्त्रलाई केही हदसम्म टेवा पुऱ्याएको छ । विदेशमा बसेकाले अन्तर्राष्ट्रिय सम्बन्धको विकास गर्न सक्छन् । जसबाट व्यापार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा स्वदेशमा लगानी भित्र्याउन सक्छन् । अन्तर्राष्ट्रिय सम्बन्धले गर्दा स्वदेशभित्र बाह्य लगानी भित्रिन सक्ने सम्भावना पनि हुन्छ । बौद्धिक पलायनका फाइदाभन्दा पनि यसका नकारात्मक पक्ष बढी गम्भीर हुन्छन् । देशमा यस्तो जनशक्ति अभाव हुन जान्छ । जस कारणबाट सेवा प्रवाह तथा विकासनिर्माणका क्षेत्रमा असर पर्छ ।

हरेक देशलाई बौद्धिक पलायनले विकासमा अवरोध निम्त्याएको हुन्छ । शिक्षित, दक्ष र प्रतिभाशाली जनशक्ति उत्पादन गर्न राज्यका तर्फबाट ठुलो लगानी भएको हुन्छ । त्यस्तो जनशक्ति विदेश पलायन हुँदा राज्यलाई ठुलो घाटा हुन्छ । जुन घाटा पूर्ति गर्न राज्यलाई लामो समय र धेरै लगानी लाग्न सक्छ । त्यस कारण स्वदेशमा उत्पादित जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराएर बढीभन्दा बढी लाभ लिन सक्नु पर्छ ।

बौद्धिक जनशक्ति विदेश पलायनको विषय नेपालका लागि ठुलो समस्या भएको छ । एसइई तथा प्लस टु सकिनासाथ शिक्षित जनशक्ति बाहिरिने गरेको छ । यसरी नै उच्च शिक्षा हासिल गरेकाको सङ्ख्या पनि बढ्दै गएको छ । साधारण शिक्षा हासिल गरेका पनि वैदेशिक रोजगारीका लागि गइरहेका छन् । यस प्रकारले शिक्षित, अर्धशिक्षित, दक्ष, अर्धदक्ष, अदक्ष सबै प्रकारको जनशक्ति विदेश पलायन हुँदा राज्यले ठुलो नोक्सानी बेहोर्नुपर्ने हुन्छ । तत्कालका लागि बौद्धिक पलायनबाट राज्यलाई केही लाभ भए पनि दीर्घकालीन रूपमा भने नोक्सानी नै हुन्छ । त्यसकारण पनि बौद्धिक पलायन नियन्त्रण गर्न अति आवश्यक छ ।

# सामाजिक न्यायसहितको सुशासन



• नारायण ज्ञवाली

बहुजातीय, बहुभाषीय, बहुसांस्कृतिक, बहुधार्मिक जातजाति जनजातिको बसोबास भएको सुन्दर देश नेपाल विकासको हिसाबले पछि परे पनि सुन्दरतामा अब्बल छ । विभिन्न लेकमा पाइने जडीबुटी, हिमालमा पाइने यार्चागुम्बा, कालीगण्डकीमा पाइने शालिग्राम तथा विभिन्न स्थानमा अन्वेषणमा रहेका खनिज धातु यो देशका अमूल्य सम्पत्ति हुन् । वातावरण र मौसमको हिसाबले फरक-फरक तापक्रम, फरक-फरक रहन सहन, बाइसे चौबिसे राज्य सञ्चालन हुँदा बनाइएको ऐतिहासिक राजाका दरबार, पुरातात्त्विक संरचना नेपाल जान्न र बुझ्न पहिचान दिइरहेका ऐतिहासिक स्थान हुन् । नेपालको सौन्दर्यता, नेपालको बनोट, नेपालको राज्य व्यवस्था, नेपालको आर्थिक अवस्था, नेपाली जनताको स्तर, नेपालका राजनीतिक दलको चरित्र, विकासको ढाँचा, नेपालको विकासका सम्भावना, छिमेकी देशसँगको सम्बन्ध आदिलाई हृदयङ्गम गरी अधिकतम स्रोतको पहिचान र परिचालन गरि देशको सुन्दरतासँगै नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्न देशले नै माग गरिरहेको छ । अहिलेको प्रविधि विकाससँगै भूमण्डलीकरणको प्रभाव परेको मुलुकमा जनताको अपेक्षा अनुसार विकासको गति बढ्न नसकेको यथार्थ हो ।

सामान्यतया पूर्वाधार विकास, शिक्षा र स्वास्थ्यको विकास, प्रविधिको विकास, विद्युत्को विकास, खेलकुद मनोरञ्जनको विकास ग्रामीण क्षेत्रमा केही हदसम्म पुगे पनि बढ्दो बसाइँ सराइका कारण ग्रामीण क्षेत्रको विकास र जनजीवन प्रभावकारी हुन सकेको छैन । अल्पविकसित राष्ट्रबाट विकाशसील राष्ट्रमा स्तरोन्नति हुन लाग्दा भने धेरै आशाका अङ्कुरा टुसाउन लागेको आभास हुन्छ । वर्तमान अवस्थालाई नियाल्दा देशमा औद्योगीकरण भई रोजगारी सिर्जना हुनुपर्नेमा सो नभई रोजगारीका लागि नेपाली बिदेसिन बाध्य हुनुपर्ने अवस्था छ । शिक्षा आर्जनका लागि दक्ष जनशक्तिसँगै सशक्त युवा बिदेसिनाले एकातिर युवा शक्तिको ह्रास भएको छ भने अर्कोतिर शैक्षिक यात्राका नाममा थुप्रै रकम बाहिरिएको छ । जसका कारण वैदेशिक रोजगार र उच्च शिक्षाका लागि बाहिरिने युवा विद्यार्थीको चापले नेपालमै दक्ष जनशक्ति अभाव हुने यथार्थ परिणामले चिन्ता बढेर गएको छ ।

**राजनीतिमा सहिष्णुता**

जलस्रोत, पर्यटन, कृषि, जडीबुटी तथा खनिज उद्योगको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको नेपालले कहिले पनि राजनीतिक स्थिरता कायम गर्न सकेन । पुराना इतिहास केलाउँदै जाने हो भने राणा शासनको पालामा होस्, राजतन्त्रकाल, एकदलीय पञ्चायती राज्य व्यवस्था, संवैधानिक राजतन्त्र हुँदै गणतन्त्रसम्म होस् कुनै पनि समयमा राजनीतिक मेल र स्थिरता देखिएन । आवधिक निर्वाचन हुने पाँच वर्षको अवधिसम्म मात्र २००७ सालदेखि हालसम्म हेर्दा एउटा सरकारले पाँच वर्षसम्म निरन्तर शासन (राज्य सञ्चालन) गरेको पाइँदैन । राजनीतिक दलमा देश बनाउने विषयमा कहिल्यै साझा एजेन्डा बन्न सकेन । जसले गर्दा अपेक्षाकृत विकास, सुशासन, रोजगारी, शान्ति र आर्थिक विकास हुन सकेन । राजनीतिक द्वन्द्व, असहिष्णुता, अनमेल जस्ता कारणले भौगोलिक पर्यटन र धार्मिक पर्यटनमा कमी हुन थाल्यो । सधैँ हुने राजनीतिक द्वन्द्वका कारण नेपाली जनमानसमा निराशा बढ्न थाल्यो । देश आफैँ सुन्दर मात्र भएर हुँदैन सुन्दर देशलाई समुन्नत बनाउन र बाह्य आकर्षण बढाउन सोही किसिमको वातावरण, राजनीतिक/धार्मिक सहिष्णुतासहित शान्ति र स्थिरता चाहिन्छ ।

स्थिरता र राजनीतिक संस्कारले मात्र समाज गतिशील हुन्छ, समाज गतिशील भयो भने चेतना बढ्छ, चेतनाले आशा जगाउँछ, आशाले मात्र भविष्यको बाटो तय गर्छ । भविष्यप्रति आशा भएन भने वर्तमानमा जोस जाँगर केही आउँदैन, त्यसैले भविष्यप्रति आशावादी हुनु पर्छ । जति पढेर शिक्षा हासिल गरे पनि जीवन चिनेनौँ, देश चिनेनौँ, शिक्षालाई व्यावहारिक बनाएनौ भने त्यो शिक्षाको कुनै अर्थ रहँदैन, आफूले प्राप्त गरेको शिक्षाले देश विकासमा सघाउनु पर्छ । राजनीति, विकास र सुशासनमा लगाउनु पर्छ । असल विचारले सबैभन्दा पहिला आफैँलाई सहिष्णुतामा बदल्नु पर्छ र अरूलाई असल संस्कारमा बदल्न प्रेरित गर्नु पर्छ । मन, वचन र कर्मलाई सकारात्मकताले पृष्ठपोषण गर्नु पर्छ । तब मात्र सुन्दर देशले सुन्दर मन भेटाउन सक्छ । सुन्दर र शान्त मनबिना आग्रह पूर्वाग्रह मेटाउन सकिँदैन । पूर्वाग्रहले समाजमा सधैँ द्वन्द्व बढाउँछ, द्वन्द्वले समाज बिगार्छ, समाज बिग्रे देश बिग्रन्छ, देश बिग्रे अराजकता बढ्छ अराजकताले आत्मसम्मान होइन अपमान बढाउँछ । अपमानले सभ्यता हराउँछ, सभ्यता ह्रास हुँदा नैतिकता गुम्छ, नैतिकता गुमे मानवीय संस्कार हराउँछ र जे पनि हुन्छ ।

**एकीकृत मानसिकताको खाँचो**

जबसम्म हामी जातजाति, भाषा, धर्म, राजनीतिका नाममा विभाजित हुन्छौँ, तबसम्म द्वन्द्व बढ्न गई शान्ति प्राप्त गर्न सक्दैनौँ । शान्ति र स्थिरताबिना विकास र समृद्धि सम्भव छैन । व्यवस्था परिवर्तनले मात्र जनतामा आशा जाग्दैन, आशा जगाउन व्यवस्थाभित्र सामाजिक न्याय, विकास, सुशासनसहितका कार्यक्रमले अवस्था बदल्नु पर्छ । कानुन बनाउनु सरकारको काम हो, कानुन बनाउन जनताले दबाब दिनु कुनै पनि राज्यमा सुहाउँदो विषय होइन । संसद् छ, सांसद छन्, आवश्यक कानुन बन्न किन ढिलाइ भइरहेको छ ? सांसदको समय कता बितिरहेको छ ? किन कानुन बनाउने जस्तो राज्यको महत्वपूर्ण काम प्राथमिकतामा पर्दैन ? जबसम्म कानुन बन्दैन र कानुनको प्रभावकारी कार्यान्वयन हुँदैन, सुशासन सम्भव छैन र सामाजिक न्याय पनि सम्भव छैन ।

सङ्घीय व्यवस्थामा विकास खोज्न नेताको घर र सिंहदरबार धाउने प्रथाको अन्त्य बिनासन्तुलित विकासको कल्पना पनि गर्न सकिँदैन । जबसम्म योजना र विकासलाई सन्तुलित बनाई नेताको दैलो चाहार्ने र सिंहदरबार धाउने, तस्बिर खिचेर विकासको जस/अपजस लिने प्रथाको बिसर्जन गरिँदैन तबसम्म विकासमा सन्तुलनका अतिरिक्त संघीयताको मर्म र नेताप्रतिको शासक/शासित मानसिकता अन्त्य गर्न सकिँदैन । शासक/शासित मानसिकताले कहिले पनि स्वाभिमान बढाउन सक्दैन । राज्यले विकासलाई प्राथमिकताका आधारमा छनोट गर्नु पर्छ । सत्ता र शक्तिको आडमा गरिने विकासका योजनाको छनोटले समाजमा स्वाभाविक रूपमा द्वन्द्व बढाउँछ । त्यो विकास प्रचारमुखी मात्र हुन्छ, गुणस्तरीय हुँदैन ।

राज्य सञ्चालनका विभिन्न आयोगमा योग्यता र क्षमताको आधारमा खुला प्रतिस्पर्धाबाट विज्ञ छनोट गरिनु पर्छ । राष्ट्रप्रति आफ्नो विज्ञता, सरकार र दलहरूको बिना हस्तक्षेप कार्य सम्पादन गर्ने वातावरण बनाउनु पर्छ । यसरी छनोट भएका विषय विज्ञले कार्य सम्पादनमा तोकिएको जिम्मेवारी पूरा नगरे क्षतिपूर्ति भराउने तहसम्म पनि जान सक्नु पर्छ, तब मात्र विषय विज्ञताको आधारमा परिभाषित काम सफल हुन्छन्, सुशासन कायम हुन्छ, विकासले गति लिन्छ । राज्य व्यस्थाप्रति जनताको आकर्षण बढेर जान्छ । दलीय व्यवस्थामा दलहरू बलियो हुनु पर्छ, राज्यको नीति निर्माणमा दलको भूमिका महत्वपूर्ण हुन्छ । दलहरूले जनसरोकारका विषयमा उपयुक्त साझा नीति, विधि तय गरी इमानदारीपूर्वक आफ्नो व्यवहार प्रदर्शन गर्न सक्नु पर्छ । नेपाल जस्तो आर्थिक रूपमा पछि परेको तर सम्भावना प्रशस्त बोकेको मुलुकमा स-साना राजनीतिक मतभेदका आधारमा दल विभाजन गर्ने, राष्ट्रको हितभन्दा दलको स्वार्थ सर्वोपरि ठान्ने, पूर्व विशिष्ठका नाममा ठुलो धनराशि खर्च गर्ने जस्ता क्रियाकलाप अन्त्य गर्नु पर्छ ।

**राज्य सञ्चालनमा बाह्य अनुभव**

❖ बाँकी तेस्रो पृष्ठमा

# झापाली किसानहरुको आन्दोलन तस्वीरमा









## दुईजनालाई प्रहरीले गोली हानी पक्रियो

झापा। कैलालीको भजनी नगरपालिकामा भाग्न खोजेका दुईजना आरोपीलाई प्रहरीले गोली हानेर नियन्त्रणमा लिएको छ।

आरोपी जेठ १५ गते खुकुरी हानेको अभियोगमा प्रहरी नियन्त्रणमा रहेका ज्यान मुद्दाका आरोपी रिदम ढुंगाना र मिलन चन्द रहेका छन्।

कैलालीका डीएसपी राजकुमार सिंहका अनुसार टीकापुरमा गत जेठ १५ गते स्थानीय टेकेन्द्रसिंह विष्टमाथि खुकुरी प्रहार भएको घटनामा कैलारी गाउँपालिका-२ को शिवरत्नपुरबाट उनीहरूलाई पक्राउ गरिएको थियो।

भजनी क्षेत्रमा पुग्दा उनीहरू भाग्न खोजेपछि प्रहरीले गोली चलाउनुपरेको डीएसपी सिंहले बताए। गोली प्रहार गरेर दुवैजनालाई नियन्त्रणमा लिइएको उनले पुष्टि गरेका छन्। उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउण्ड हवाई फायर र दुईवटा गोली प्रहार गर्नुपरेको जनाएको छ। गोली प्रहारबाट दुवैजनाको घुँडामुनि चोट लागेको छ। 'कैलारी गाउँपालिका-२ शिवरन्तपुरबाट पक्राउ परेका रिदम ढुंगाना र मिलन चन्दलाई प्रहरी टोलीले टीकापुर लगिरहेको थियो', डीएसपी सिंहले भने, 'बाटोमा पिसाब फेर्ने क्रममा भाग्न खोजेपछि गोली चलाउनुपरेको हो।'

घाइते भएका उनीहरूलाई अहिले सेती प्रादेशिक अस्पतालमा लगिएको छ।

## प्रतिपक्षी दलहरूको एक स्वर

झापा(प्रस) ॥ भिजिट भिसा प्रकरणलाई लिएर जेठ १३ गतेदेखि प्रतिनिधि सभा बैठक अवरुद्ध छ। छानबिन समिति गठन हुनुपर्ने भन्दै प्रतिपक्षी दलहरुले संसद् अवरुद्ध गर्दै आएका छन्।

यसैबीच बिहीबार बसेको प्रतिपक्षी दलहरुको बैठकले 'भिजिट भिसा मार्फत हुने मानव तस्करी' को संगठित अपराधको अन्त्य गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने निष्कर्ष निकालेको छ।

बिहीबार बसेको प्रतिपक्षी दलहरूको पहिलो चरणको बैठकको निष्कर्ष सार्वजनिक गर्दै रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाले भिजिट भिसा प्रकरणमा छानबिन समिति बनाउनुपर्नेमा प्रतिपक्षी दलहरुको एकमत रहेको बताए।

'आजको पहिलो चरणको बैठकको निष्कर्षः हाल संघीय सदनमा रहेका सबै प्रतिपक्ष दलहरू 'भिजिट भिसा मार्फत मानव तस्करीको संगठित अपराध' सदाका लागि निराकरण गर्न छानबिन समिति बनाउने कुरामा एक ठाउँमा रहेको निष्कर्ष रहेको छ', झाले भने।

## सामाजिक...

ठुला ठुला विकसित देशमा राजनीतिक सहिष्णुता, विकासका मोडेल, निर्वाचन प्रक्रिया, विपक्षी दलप्रतिको सम्मान, नागरिक र राज्यको सम्बन्ध, प्रशासन प्रणाली, जनतालाई दिने राहत, कर प्रणाली, करको सदुपयोग, असक्त, असहाय तथा फरक क्षमताका नागरिकलाई गर्ने राज्यको सम्मान, शिक्षा स्वास्थ्य, यातायात, सुरक्षासँगै उच्च प्रविधिको प्रयोग, मनोरञ्जन तथा दण्ड जरिमानाको कडा व्यवस्था, सुशासन र सभ्यता, भूगोल र जनसंख्याको अनुपातमा कम संख्यामा रहेको दलको अभ्यासलाई अध्ययन गर्नु पर्छ। नेपालको सम्बन्धमा नेता, विषय विज्ञ, उच्चपदस्थ कर्मचारी, उच्चपदस्थ सुरक्षासम्बन्धी जानकार, उच्च पदस्थ न्यायालयको क्षेत्रमा काम गर्ने व्यक्ति तथा देशका लागि कुनै न कुनै भूमिकामा रहेका महानुभाव विदेश भ्रमण गरी त्यहाँको अवस्था अध्ययन नगरेका इतिहास नपढेका भने पटक्कै होइनन् तर नेपालमा लागु गर्न भने चुकेकै हुन्। राम्रो सिक्ने कुरा जो कसैबाट पनि सिक्नु पर्छ।

नेपालको राज्य सञ्चालनमा विधि नीतिको अभावमा मात्र ढिलासुस्ती अनियमितता भएको नभई चर्को राजनीतिक द्वन्द्व र स्वार्थले विभाजित मनस्थितिका कारण परिणाममुखी काम हुन नसकेको सत्य हो।

नेतृत्वमा देखिएको चरम अवसरवादसँगै आफ्नो काम, कर्तव्य र जिम्मेवारी बिर्सेर क्षणिक स्वार्थमा आफ्ना धारणा बनाउने प्रवृत्तिले र राजनीतिक असहिष्णुता र देवत्वकरण गर्ने प्रवृत्तिले समस्या निम्त्याएको हो। अराजकता, भ्रम र छलकपटमा अल्मलियो भने राजनीतिक अन्योलता, वैमनश्यता, अराजकता, सुशासनहीनता, अहमता, जिम्मेवारी बोध हीनता, अदूरदर्शिता, विवेकहीनतासँगै समाज विभाजन हुने खतरा बढेर जान्छ। यसको एक मात्र समाधान मानसिकतामा परिवर्तन गरी राष्ट्र पहिलो, सुशासन दोस्रो र दल तेस्रो हुनु पर्छ। एकअर्कालाई होच्याउने, अनावश्यक आरोप प्रत्यारोपमा रमाउने, सत्य तथ्यभन्दा पनि मिथ्या कुरामा जोड दिई राजनीतिक अभीष्ट पूरा गर्ने प्रवृत्ति अन्त्य नहुँदासम्म समाजमा विभाजनको खतरा बढिरहन्छ र द्वन्द्व अगाडि विकास पछाडि पर्छ।

समाज भाँड्ने चाहना घोषित रूपमा कुनै राजनीतिक दलको हुँदैन तर यसलाई अघोषित रूपमा आफ्नो स्वार्थ खातिर कुनै न कुनै रूपले र व्यवहारले समाज विभाजनमा दलहरूको भूमिका रहेको पाइन्छ। समाजलाई विभाजन गर्ने/नगर्ने एकीकृत मानसिकता बनाउने/नबनाउने दलहरूको व्यवहारमा निर्भर रहन्छ। सही विचार र व्यवहारले मात्र समाज रूपान्तरण हुन्छ। मनमा शान्तिको भावना लिई एकीकृत मानसिकताका साथ विद्रोहले होइन समालोचनाले सबै द्वन्द्व अन्त गर्न सकिन्छ भन्नेमा प्रतिबद्ध रही दलीय नेतृत्वले आफूलाई राष्ट्र र जनताका सामु स्थापित गराउन सक्नु पर्छ, तब मात्र देशमा सामाजिक न्यायसहितको सुशासन, शान्ति विकास र समृद्धि सम्भव छ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस्।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन:** ०२३-५४०४७८
**मो:** ९८५२६७७३५५
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** — महत्वपूर्ण कामको थालनी हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**मिथुन** — आज रमाइलो यात्राको सम्भावना छ। रोकिएको धन हात पर्ला।

**कर्कट** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। स्वादिष्ट भोजनको आनन्द समेत पाइएला।

**सिंह** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ। अरुलाई प्रभावित पारेर

**कन्या** — मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ। शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ। प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ।

**वृश्चिक** — सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन

**मकर** — घरमा अतिथिको आगमन हुनेछ। स्वास्थ्यको ख्याल गर्नु पर्नेछ।

**कुम्भ** — राजनैतिक कार्यमा सफलता मिल्नेछ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ।

**मिन** — परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।